लुम्बिनी प्रदेश सरकार
# कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

पत्र संख्या:-
चलानी नं.:-

## शोक वक्तव्य

यस मन्त्रालयका वरिष्ठ अधिकृत(लेखा) सातौ तहमा कार्यरत चेत बहादुर के. सी .को मिति २०८३/०६/२३ गते शुक्रबारका दिन कार्यालय समय पश्चात मन्त्रालयको कामको शिलशिलामा प्रदेश राजधानी देउखुरी उपत्यका बाट घोराही तर्फ जादै गर्दा पूर्वपश्चिम राजमार्गको लमही नगरपालिका वडा नम्बर १ को सुन्डबरी सडकखण्डमा सडक दुर्घटनामा परी असामायिक निधनले मन्त्रालय परिवार मर्माहत भएको छ ।

वि सं २०५९ साल असोज १७ गते राजपत्र अनंकित द्वितिय श्रेणी सहायक लेखापाल पदबाट निजामती सेवामा प्रवेश गरी कर्मचारी समायोजन ऐन २०७५ बमोजिम लुम्बिनी प्रदेशमा समायोजन भई यस प्रदेशका बिभिन्न कार्यालयमा सेवा पश्चात विगत २ वर्ष देखि यसै मन्त्रालयमा कार्यरत रहनु भएका स्व. के .सी. असल, ईमान्दार र निष्ठावान कर्मचारी हुनुहुन्थ्यो । एक असल राष्ट्रसेवकको रुपमा उहाँले पु-याउनु भएको योगदानको मन्त्रालयले उच्च सम्मान गर्दै सदैव स्मरण गरिरहनेछ ।यस दुखद घडीमा वरिष्ठ अधिकृत(लेखा) चेत बहादुर के सी को दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछौ , साथै शोकाकुल परिवार तथा आफन्तजनमा गहिरो समवेदना प्रकट गर्दछौ ।

मा.कृष्णा कुश्मा थारु
मन्त्री
तथा
समस्त मन्त्रालय परिवार
कृषि,भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
राप्ती उत्यका,देउखुरी,नेपाल